
# भाँडाकुटी


कपिल लामिछाने



# भाँडाकुटी

(बालकथा)

कपिल लामिछाने



सातौ संस्करण :२०६६

| | | |
|---|---|---|
| प्रकाशक | : | रत्न पुस्तक भण्डार<br>भोटाहिटी, काठमाडौँ |
| चित्र | : | एकाराम |
| सम्पादन | : | शाश्वत पराजुली |
| संस्करण | : | पहिलो, २०५८, |
| मुद्रक | : | नेपाल टाइम्स प्रेस<br>मरुहिटी, काठमाडौँ |

Bhandakuti
ISBN : 99933-0-286-4

# कथा-सन्दर्भ

'काले कुकुर' र 'अक्षर' कथासङ्ग्रहपछि अब भाइबहिनीहरूका लागि 'भाँडाकुटी' प्रस्तुत गरेको छु । ती कथाझैं यी कथा पनि अवश्य रमाइला लाग्नेछन् ।

यी कथाले मनोरञ्जन त दिन्छन् नै । साथै नानीहरूलाई असल नागरिक बन्न, मिहिनेतप्रति आस्था उमार्न, इमानदारिताको खबर दिन र आफ्नो ठाउँका कमी-कमजोरी हटाएर त्यहीं बस्नुपर्छ भन्ने सुधारवादी चेतना पाउनमा मद्दत गर्नेछन् । यसो हुन सक्यो भने मेरो मिहिनेत सफल हुनेछ ।

यस्तो कार्यमा सघाउने रत्न पुस्तकलाई मनैदेखि धन्यवाद दिन चाहन्छु ।

कपिल लामिछाने

गीता सधैँ भाँडाकुटी खेल्न मन पराउँछे । खेल्दा उसलाई साह्रै रमाइलो लाग्छ । ऊ कहिले कुकुर र बिरालाका छाउरासित खेल्छे, कहिले बाख्राका पाठासित खेल्छे । धेरैजसो ऊ माटो, ढुङ्गा र काठका टुक्रासित भाँडाकुटी खेल्छे । गीतासँग शहरिया राम्रा-राम्रा खेलौना छैनन् । गीता सधैँ आफ्ना बाबुलाई शहरिया खेलौना ल्याइदिन भन्छे । शहरिया खेलौनालाई धेरै पैसा पर्छ, तर गीताका बाबुसँग धेरै

# भाँडाकुटी



पैसा छैन । त्यसैले उनले गीतालाई राम्रा-राम्रा खेलौना ल्याइदिन सकेका छैनन् ।

गीताका बाबु खेतमा मिहिनेत गरेर काम गर्छन् । काममा उनी असाध्यै मन लगाउँछन् । काम नगरी बस्न उनलाई ठीक लाग्दैन । उनी गीतालाई साऱ्है माया गर्छन् । गीतालाई खेलिरहन र पढिरहन दिन्छन् । साना-साना नानीले खुब खेल्नुपर्छ, खुब पढ्नुपर्छ भन्ने उनको विचार छ ।

आज गीताका बाबु खिस्रीमिस्री सामान किन्न बजार गए । त्यहाँ उनले राम्रा-राम्रा खेलौना देखे, तर धेरै पैसा पर्ने भएकाले किनिदिन सकेनन् । त्यसैले उनी मन खिन्न पारेर घर फर्के ।

बाबु बजारबाट आइरहेको देखेर गीता उफ्रँदै परसम्म पुगी । बाखाको पाठो पनि सँगसँगै उफ्रँदै त्यहीँ पुग्यो । आफूलाई कुनै खेलौना नल्याएको थाहा पाएर गीता दुःखी भई, ठुस्स परी । बाबुले कति सम्झाउँदा पनि ऊ मानिन । कति फकाउँदा पनि बोलिन ।

"मलाई किन पुतली नल्याइदिएको नि ?" गीताले ठुस्स पर्दै भनी ।

"अरू सामान किन्दाकिन्दै सबै पैसा सकियो बा ! त्यसैले तिमीलाई खेलौना किनिदिन सकिनँ । अर्कोचोटि जाँदा अवश्य ल्याइदिन्छु है ! कति ज्ञानी छे मेरी गीतु ।" गीताका बाबुले भने ।

गीताले खिस्स हाँस्दै भनी- "तपाईं जहिले पनि यसै भन्नुहुन्छ ।" बाबुका कुराले ऊ प्रसन्न भई । अनि भाँडाकुटी खेल्न थाली ।



भोलिपल्ट गीताका बाबु कुनै कामले गाउँतिर गए । गाउँका माझमा मञ्जुको घर थियो । मञ्जु आँगनमा खेलौना खेलिरहेकी थिई । खेलौना एकदमै लोभलाग्दो थियो । सानो-सानो नानीजत्रै



त्यो खेलौना देखेर त गीताका बाबुलाई पनि खेलौं-खेलौं लाग्यो । "यति राम्रो खेलौना लगिदिन पाए गीता कति खुसी होली ? कति रमाउली ?" उनले मनमनै सोचे । उनले मन थाम्न सकेनन् । त्यसैले उनले लुकेर त्यसलाई हेरिरहे ।

एकछिनपछि मञ्जु खेलौना त्यहीं छाडेर घरभित्र पसी । गीताका बाबुले यताउति पल्याकपुलुक हेरे । कतै कोही देखेनन् । उनले मञ्जुको खेलौनालाई सुटुक्क खोकिलामा लुकाए । अनि उनी छिटछिटो घर फर्के ।

मान्छेको नानीजस्तै त्यो खेलौना उनले गीतालाई दिए । गीता त्यो पाएर साह्रै खुसी भई । गीता खुसी भएको देखेर गीताका बाबु झन् खुसी भए ।

गीताले रमाउँदै बाबुसित सोधी– "कहाँबाट ल्याउनुभयो यति राम्रो पुतली ? कति राम्रो छ ।"

गीताका बाबुले भने– "जहाँबाट ल्याए पनि तिमीलाई किन चाहियो ? खेल न, कति राम्रो छ ।"

"नाइँ, पहिले भन्नुहोस् न !" गीताले कर गरी ।

बाबुले गीताका कानमा भने– "यो मञ्जुको खेलौना हो । तिमीलाई भनी लुकाएर ल्याएको । खेल, जाऊ भित्र गएर खेल ।"

"मञ्जुको पुतली ! चोरेर ल्याएको ? नाइँ म यो लिन्नँ । यस्तो पुतलीसित खेल्दिनँ म । विचरा मञ्जु कति रोई होली । यो फर्काइदिनुहोस् ।" गीताले भनी ।

बाबुले भने– "कस्तो कुरा गर्छ्यौ तिमी ? मञ्जुसित धेरै खेलौना छन् । उसलाई यस्ता खेलौनाको के कमी ? खेल–खेल जाऊ !"

"नाइँ, नाइँ, यो पुतली फर्काउनुहोस् । म यिनै पाठा र छाउरासित खेल्छु । यिनै ढुङ्गा र माटाका डल्लासित खेल्छु । अर्काको खेलौना मलाई मन पर्दैन ।" गीताले त्यो खेलौना बाबुका काखमा राखिदिँदै भनी ।

गीताका यस्ता कुरा सुनेर उसका बाबु जिल्ल परे । उनले एकछिन सोचिरहे । गीता फेरि खेल्न थाल्छे कि भनेर हेरिरहे । तर गीताले त्यस खेलौनालाई हेर्दै हेरिन । उसले त पहिलेझैँ ढुङ्गा, माटो र काठका टुक्राहरू बटुली । अनि तिनैसित खेल्न थाली । कुकुरको छाउराले पुच्छर हल्लाउन थाल्यो ।


एकछिनपछि गीताका बाबुले गीतालाई हेर्दै भने– "गीतु, तिमी खेल्दै गर है बा । म यो खेलौना मञ्जुकहाँ पुऱ्याएर आउँछु ।"

गीताका बाबु खेलौना खोकिलामा च्यापेर हिँडे । गीताले बाबुलाई हेरिरही । बाखाको पाठो 'प्याआआ' गर्दै त्यहीँ आइपुग्यो ।

# आफ्नै ठाउँ

वनको ठूलो रूखमा एउटा झिल्के लाटोकोसेरो बस्थ्यो । अरू चराचुरुङ्गी रातमा आँखा देख्दैनथे । ऊ राम्रैसँग देख्न सक्थ्यो । ऊ दिनमा आँखा देख्दैनथ्यो । त्यसैले अरू हाँस्दा-खेल्दा, डुल्दा, रमाउँदा ऊ रूखका हाँगामा चुप लागेर बस्थ्यो । अरू सुत्दा ऊ रातमा यताउति उड्थ्यो, रमाउँथ्यो । अरूको निद्रा बिग्रला भनेर ऊ होहल्ला नगरी खेल्थ्यो ।

त्यसै रूखमा केही ढुकुरले पनि गुँड लगाएका थिए । रात छिप्पिन पाएको थिएन । बाँदर ढुकुरका गुँडतिर लम्क्यो । झिल्केले त्यो देख्यो । ढुकुरका




जोडी बचेरालाई छोपेर निदाएका थिए । बाँदरको निको चाल छैन भन्ने झिल्केले बुझ्यो । त्यसैले उसले बाँदरका टाउकामा चुच्चाले ठुङ्यो । बाँदर मासु त खाँदैनथ्यो, तर अरूलाई थर्काउने-सताउने उसको बानी थियो । ऊ आफ्नो घर पनि बनाउँदैनथ्यो र अरूको घर पनि रहन दिन्नथ्यो । ढुकुरको गुँड भत्काउला भनेर झिल्केले बाँदरलाई पटक-पटक ठुङ्यो । आँखैमा ठुङ्ला भन्ने डरले बाँदर अर्कै रूखतिर हाम फाल्यो । ढुकुरका जोडीको निद्रा बिग्रन पाएन । बाँदरले गुँड भत्काउन पाएन । झिल्के खुसी भयो ।

झिल्के यसरी नै सबैको रक्षा गर्थ्यो । उसले लामपुच्छ्रे, चिबे र कोकलेहरूलाई पनि बाँदरबाट बचाएको थियो । झिल्केले रातमा आँखा देख्ने भएकाले सबैलाई फाइदै भएको थियो । तर झिल्केलाई कसैले वास्ता गर्दैनथे । ऊ एक्लै दिक्क मानेर बस्यो । दिनमा सुत्दा उसलाई अरू चराचुरुङ्गीले हल्ला मच्चाएर निदाउनै दिँदैनथे ।

"हिँ-हिँ-हिँ... अन्धो-अन्धो-अन्धो... !" भँगेराहरूले उसलाई ठुङ्दै भने । डाङ्ग्रे र कोकलेले पनि त्यसै गरे । ऊ छामछुम पार्दै अलिक परको अर्को रूखमा गएर बस्यो । "लाटो-लाटो-लाटो .....!" त्यहाँ पनि त्यसै गरे । ऊ आजित भयो । उसले दुनियाँ यस्तै बैगुनी





रहेछ भन्ठान्यो ।

एक रात समसाँझै झिल्के त्यो ठाउँ छाडी अर्कै वनमा गएर बस्यो । त्यस रात उसको मन असाध्यै रोयो ।

त्यसै रात बाँदर रूखमा चढ्यो । उसले चोर बिरालाले झैँ ढुकुरलाई च्याप्प समात्यो । तर ढुकुर बल गरेर फुत्त फुत्क्यो । उसका प्वाँख उखेलिएर हावामा उडे । उसको जीउ थरर्र काम्यो । बाँदरले गुँड ओल्टाई-पल्टाई हेऱ्यो र तल फालिदियो ।

त्यसपछि बाँदर लामपुच्छ्रेको गुँडमा पुग्यो । लामपुच्छ्रे पहिल्यै चाल पाएर होसियार भएका थिए । त्यसैले बाँदरले तिनलाई केही गर्न सकेनन् । तिनको गुँड भने उधिनेर फालिदियो ।

भोलिपल्ट दिनमा चराचुरुङ्गीले खेल्न, जिस्क्याउन र रमाइलो गर्न झिल्केलाई देखेनन् । झिल्के नभएकाले नै बाँदरले त्यसरी सताएको हो भन्ने सबैले बुझे अनि उनीहरूले झिल्केलाई जहाँबाट भए पनि खोजेर ल्याउने निश्चय गरे ।

वनभरि खोज्दा झिल्के लाटोकोसेरो कतै पनि पाइएन । वल्लो रूख पल्लो रूख, वल्लो पाखो पल्लो पाखो, वल्लो खोल्सो पल्लो खोल्सो कतै नभेटेपछि चराचुरुङ्गी सबै मिलेर अर्कै वनमा पुगे ।

त्यहाँ झिल्के झोक्राएर बसिरहेको थियो । ढुकुरले ढुकुर-कुर-कुर गर्दै भन्यो– "तिमी हिँडिदिनाले हामीलाई कत्रो आपत् आइलाग्यो । मेरा प्वाँख ढेडुले भुत्ल्यायो । धन्न बाँचेँ । हिँड जाऔँ ।" लामपुच्छ्रेले पनि त्यसै भन्यो । सबैले उसलाई आफ्नो ठाउँमा फर्किनै पर्छ भनी कर गरे ।

झिल्केले आँखा घुमाएर भन्यो– "हुन त मलाई त्यही ठाउँ राम्रो लाग्छ, किनभने त्यो म जन्मेको-हुर्केको ठाउँ हो, तर... ।"

"तर के ?" अरू सबैले सोधे ।

"तिमीहरू सबै मलाई दुःख मात्र दिन्छौ । म सुत्न पनि पाउन्नँ । म त सहन नसकेर हिँडेको, अब के जाने ?"

सबैले एक मुखले भने– "अबदेखि केही गर्दैनौँ । माफ पाऊँ दाइ, माफ पाऊँ । जाऔँ दाइ, जाऔँ !"

तैपनि ऊ मानेन ।

बूढो कागले का-का गर्दै कानमा गएर खुसुक्क भन्यो– "झिल्के बाबु, हिँड । कसैले पनि अब त्यसो गर्दैन । यसरी भागेर हुँदैन । जहाँ पनि त त्यस्ता सताउने, दुःख दिनेहरू हुन्छन् । भोलिदेखि यहीँ पनि तिमीलाई गिज्याउन कोही न कोही निक्लिहाल्छ । बरु उतै हिँड । आफ्नै वनमा हिँड, आफ्नै ठाउँमा हिँड । त्यहीँको वातावरण बदलेर बस्नुपर्छ । भागेर पार लाग्दैन । अहिले त सबैले चेतेका पनि छन् ।" बूढो कागका कुरा सुनेर झिल्केको चित्त बुझ्यो ।

उसले कड्केर भन्यो– "त्यसो भए आइन्दा मलाई कसैले सताउँदैनौ त ?"

"सताउन्नौँ, सताउन्नौँ ।" सबैले एक मुखले भने ।

"हुन्छ । त्यसो हो भने म फर्किन्छु ।" झिल्केले भन्यो ।

अनि झिल्केलाई अघि लगाएर सबै चराचुरुङ्गी गाउँदै-रमाउँदै आफ्नै वनमा फर्के । आफ्नै ठाउँमा फर्के । बाटामा थरी-थरीका फलफूल खाँदै आएकाले आफ्नो ठाउँमा पुग्दा सबै अघाइसकेका थिए । अहिले त्यो ठाउँ सबैलाई सार्‍है राम्रो, रमाइलो लाग्यो । झिल्केलाई पनि एकदमै रमाइलो लाग्यो ।

सबै चराचुरुङ्गीहरू मिली हूल बाँधेर आएको देखी ढेडु बाँदर डरले वल्लो रूख र पल्लो रूख हाम फाल्न थाल्यो ।

रामेश गुच्चा खेलिरहेको थियो । छिमेकमा केटाकेटीहरू अङ्ग्रेजीमा दुना घोकिरहेका थिए– “टु वनजा टु ! टु टुजा फोर !” उनीहरू साँझ–बिहान यसै गरी पढ्थे । रामेशलाई भने गुच्चा खेल्न र चङ्गा उडाउन खुब मन पर्थ्यो । ऊ सधैँ गोजीमा गुच्चा र हातमा लट्टाई लिएर हिँड्थ्यो । पढाइमा उसको मन लाग्दैनथ्यो । ऊ आमाबाबुको एक्लो छोरो हो । आमाबाबु उसलाई असाध्य माया गर्थे । त्यसैले रामेशका बाबुले उसलाई स्कूल पनि पठाएका थिएनन् । ऊभन्दा साना–साना केटाकेटी स्कूल पढ्न जान्थे । नयाँ–नयाँ कुरा

# टु वान जा टु



सिक्थे । तर ऊ आठ–नौ वर्षको भएर पनि त्यसै बरालिएर दिन काट्थ्यो ।

टोलनजिकै एउटा नयाँ स्कूल खुलेको थियो । त्यहाँ धनीमानीका छोराछोरी पढ्थे । अलिक पर एउटा अर्को स्कूल थियो । त्यहाँ गरिबगुरुवाका छोराछोरी पढ्न जान्थे । त्यहाँ अनुशासन र पढाइमा वास्ता गरिन्नथ्यो । रामेशका बाबु भन्थे– "म त रामुलाई बोर्डिङमै पढाउँछु ।"

उनले रामेशलाई नयाँ स्कूलमै पढाउने निधो गरे । हुन पनि त्यहाँको पढाइ राम्रो थियो । खेलाई–खेलाई सिकाइन्थ्यो । विद्यार्थीहरूलाई अनुशासनमा राखिन्थ्यो । पैसा बढी लागे पनि विद्यार्थीको राम्रो रेखदेख हुन्थ्यो ।

रामेश ठूलै भइसकेको थियो । एक दिन बाबुले उसलाई नयाँ स्कूलमा भर्ना गरिदिए । त्यस दिन बाबुले सबै कक्षाकोठाहरू डुलाएर देखाए । उसलाई कस्तो–कस्तो लाग्यो । ठूलाठूला कोठामा थुप्रै विद्यार्थी रमाई–रमाई पढिरहेका थिए । कोही माने र कोही दुना घोकिरहेका थिए । कोही नजानेका कुरा शिक्षक र शिक्षिकासित सिकिरहेका थिए । सबै कोठा सफा–सुग्घर थिए । चारैतिर फूल ढकमक्क फुलेका थिए । सबै केटाकेटीले एकै किसिमका लुगा लगाएका थिए । त्यो देखेर रामेश जिल्ल पर्‍यो । हेरेको हेर्‍यै भयो । बाबुले ब्याग, पेटी, टाई, कलम र थुप्रै किताब–कापीहरू पनि किनिदिए । पुस्तकालय पनि देखाए । त्यहाँ ठूलठूला दराजमा थुप्रै पुस्तक राखिएका थिए ।

"अहो ! यतिका किताप !" ऊ जिल्लियो । तर केही बोलेन ।

सबै काम सिद्धिएपछि बाबु उसलाई



त्यहीं छाडेर फर्के ।

प्रिन्सिपलले रामेशलाई माया गर्दै भने– "बाबु ! तिमीले धेरै किताप पढ्नुपर्छ । धेरै कक्षा चढ्नुपर्छ । यहाँ तिमीले दस कक्षासम्म पढ्नेछौ । त्यसपछि तिमी कलेजमा जानेछौ । अनि धेरै पढेर ठूलो मान्छे हुनेछौ । हुन्छ भन ल !"

उसले टाउको हल्लाउँदै 'हुन्छ' भन्यो । तर उसका मनमा कस्तो-कस्तो लाग्यो । त्यसपछि उसलाई कक्षामा पुऱ्याइदिए ।

"ओहो ! यत्रा किताप कसरी



पढ्ने ? पूरै कखरा त जानेको छैन । नजाने कुट्छन् रे ! मभन्दा साना-साना केटाकेटीले कति धेरै जानिसके होलान् ! ओहो, नाइँ, म त पढ्न सक्दिनँ ।" ऊ मनमनै सोच्न थाल्यो । उसको जीउ थरर काम्यो । पढाइमा उसको ध्यान जान सकेन । शिक्षक आउनुभयो र पढाएर जानुभयो । अनि शिक्षिका आउनुभयो र पढाएर जानुभयो, तर उसले केही बुझ्न सकेन । ऊ त्यत्तिकै टोलाइरह्यो ।

टचाङ-टचाङ-टचाङ ... दिउँसो एक बजे घण्टी लाग्यो । टिफिन खाने बेला भयो । सबै रमाउँदै आ-आफ्ना टिफिनबक्स खोलेर खान थाले । ऊसित त आज टिफिन पनि थिएन । त्यसैले कोठाबाट सरासर बाहिर निक्ल्यो ।

केटाकेटीहरू कुदेर खेलमैदानमा पुगे । कोही भलिबल खेल्न थाले । कोही क्यारेमबोर्ड खेल्न थाले । कोही ब्याडमिन्टन खेल्न थाले । कोही डोरी खेल्न थाले । ससाना केटाकेटीहरू पनि गोल भएर खेल्न थाले ।

शिक्षक र शिक्षिकाहरू अफिसमा के-के काम गर्दै थिए ।

उसले यताउति हेऱ्यो । आफूलाई कसैले हेरिरहेको देखेन । त्यसैले कोठामा पस्यो । झोला टिप्यो अनि कोठाबाट लुसुक्क हिंड्यो ।

मैदानमा दिनेश सकी-नसकी वल्लो छेउ र पल्लो छेउ दौडिरहेको थियो ।

रामेशले सोध्यो– "किन दौडेको यसरी दिनेश ?"


दिनेशले भन्यो– "स्कूलको वार्षिकोत्सवमा यहाँ दौड प्रतियोगिता भएको थियो । त्यसमा म पहिला हुन

त्यहीँ छाडेर फर्के ।

प्रिन्सिपलले रामेशलाई माया गर्दै भने– "बाबु ! तिमीले धेरै किताप पढ्नुपर्छ । धेरै कक्षा चढ्नुपर्छ । यहाँ तिमीले दस कक्षासम्म पढ्नेछौ । त्यसपछि तिमी कलेजमा जानेछौ । अनि धेरै पढेर ठूलो मान्छे हुनेछौ । हुन्छ भन ल !"

उसले टाउको हल्लाउँदै 'हुन्छ' भन्यो । तर उसका मनमा कस्तो–कस्तो लाग्यो । त्यसपछि उसलाई कक्षामा पुऱ्याइदिए ।

"ओहो ! यत्रा किताप कसरी



पढ्ने ? पूरै कखरा त जानेको छैन । नजाने कुट्छन् रे ! मभन्दा साना–साना केटाकेटीले कति धेरै जानिसके होलान् ! ओहो, नाइँ, म त पढ्न सक्दिनँ ।" ऊ मनमनै सोच्न थाल्यो । उसको जीउ थरर काम्यो । पढाइमा उसको ध्यान जान सकेन । शिक्षक आउनुभयो र पढाएर जानुभयो । अनि शिक्षिका आउनुभयो र पढाएर जानुभयो, तर उसले केही बुझ्न सकेन । ऊ त्यत्तिकै टोलाइरह्यो ।

टचाङ–टचाङ–टचाङ ... दिउँसो एक बजे घण्टी लाग्यो । टिफिन खाने बेला भयो । सबै रमाउँदै आ–आफ्ना टिफिनबक्स खोलेर खान थाले । ऊसित त आज टिफिन पनि थिएन । त्यसैले कोठाबाट सरासर बाहिर निक्ल्यो ।

केटाकेटीहरू कुदेर खेलमैदानमा पुगे । कोही भलिबल खेल्न थाले । कोही क्यारेमबोर्ड खेल्न थाले । कोही ब्याडमिन्टन खेल्न थाले । कोही डोरी खेल्न थाले । ससाना केटाकेटीहरू पनि गोल भएर खेल्न थाले ।

शिक्षक र शिक्षिकाहरू अफिसमा के–के काम गर्दै थिए ।

उसले यताउति हेऱ्यो । आफूलाई कसैले हेरिरहेको देखेन । त्यसैले कोठामा पस्यो । झोला टिप्यो अनि कोठाबाट लुसुक्क हिंड्यो ।

मैदानमा दिनेश सकी–नसकी वल्लो छेउ र पल्लो छेउ दौडिरहेको थियो ।

रामेशले सोध्यो– "किन दौडेको यसरी दिनेश ?"

दिनेशले भन्यो– "स्कूलको वार्षिकोत्सवमा यहाँ दौड प्रतियोगिता भएको थियो । त्यसमा म पहिला हुन

सकिनँ । उमेश पहिला भयो । अब हुने प्रतियोगितामा म नै पहिला हुन चाहन्छु । हो, त्यसैले दौडेको नि !"

रामेशले दङ्ग पर्दै प्रश्न गऱ्यो– "अहिले दौडेर पहिला हुन्छौ त ?"

दिनेशले ढुक्कसित भन्यो– "किन नहुने ? यसरी दिनदिनै दौडें भने अवश्य पहिला हुन्छु । लागिपरे जे पनि हुन्छ । ... अनि तिमी कहाँ नि, झोला बोकेर ?"

रामेशले अनकनाउँदै जवाफ दियो– "म ? म कहीँ होइन ।"

दिनेश फेरि दौडिन थाल्यो । दौडिँदै पल्लो छेउमा पुग्यो ।

रामेशले एकछिन दिनेशको दौड हेरिरह्यो । अनि ऊ गेटमा पुग्यो । ऊ निक्लन खोज्यो । पालेले उसलाई रोक्न पनि खोजे तर रामेश बलियो थियो । त्यसैले ऊ फुत्त निक्लिहाल्यो । पाले अकमक्क परे । उनले त्यो कुरा तुरुन्त प्रिन्सिपललाई बताए ।

भोलिपल्ट, ऊ स्कूल जान मानिरहेको थिएन । तर बाबुले पुऱ्याइदिए ।

उसलाई आज पनि पढ्न मन लागेन । एक बजे घण्टी लाग्यो । ऊ हिजोझैँ भाग्ने सुरमा थियो । त्यत्तिकैमा प्रिन्सिपलले रामेशलाई अफिसमा बोलाए । उसको टाउको सुमसुम्याउँदै उनले भने– "बाबु रामेश, हिजो पढ्न छाडेर किन हिँडेको ? डराउनु पर्दैन । भन त ।..... तिमी यति राम्रो मान्छे !"



रामेश केही पनि बोलेन । निहुरमुन्टी लाएर उभिरह्यो ।

प्रिन्सिपलले फेरि पनि त्यही सोधे ।

अनि उसले अलिक लजाएको स्वरमा भन्यो– "सर, म पढ्दिनँ । म त्यति धेरै किताप कसरी पढ्न सक्छु ? म त केही जान्दिनँ । मभन्दा साना केटाकेटीले कति जानिसके होलान् .. ! नाइँ, म पढ्दिनँ सर ! मलाई जान दिनोस् ।"

प्रिन्सिपलले भने– "बाबु रामेश, तिमी सबै किताप पढ्न सक्छौ । ती एकै दिनमा पढ्ने होइन । एकै चोटि पढ्ने होइन । आज अलिकति, भोलि अलिकति गरी पढ्यौ भने सबै पढेर सकिन्छ । आत्तिनु हुन्न । एकै चोटि के हुन्छ ? तिमी एकै दिनमा यत्रो भएको होइनौ । फूल एकै दिनमा फुल्दैन ।"

एकै छिन अडिएर उनले फेरि भने– "तिमी त झन् बुझ्ने भएका छौ । अलिअलि घरमै पनि पढेका छौ । पढाइका बारेमा चिन्तित छौ । त्यसैले तिमी अरूभन्दा छिटो जान्ने हुन सक्छौ । मलाई पूरा विश्वास छ, बाबु ! अब त्यसरी नभाग है !"

रामेशले दिनेशको दौड र उसले भनेको कुरा सम्झ्यो । प्रिन्सिपलका कुरामा विचार गऱ्यो । घरमा गमलामा लगाएको फूल फुल्न महिनौं लागेको सम्झ्यो, वास्तवमा पढ्ने कुरा एकै चोटि नहुने रहेछ । उसले यो कुरा बुझ्यो । सधैँ पढिरह्यो भने अवश्य पार पाइन्छ । यस कुरामा उसलाई विश्वास भयो । अनि उसले भन्यो– "सर, अब म स्कूल छाडेर कहिल्यै जानेछैन । म पढ्छु । म मन लगाएर पढ्छु । आमाबाबु र स्कूलकै नाक राख्छु ।"

उसले गोजीबाट गुच्चा निकालेर फाल्यो । रङ्गीबिरङ्गी गुच्चाहरू यताउति छरिए ।


प्रिन्सिपल मुसुक्क हाँसे । उनले भने– "ल–ल, यी गुच्चाहरू फाल्नु पर्दैन । पढ्ने बेलामा पढ । बाँकी समयमा खेल । पढ्नु पनि पर्छ र खेल्नु पनि पर्छ । लौ जाऊ, अब कस्सिएर पढ ।"

रामेश झन् लज्जित भयो । उसले गुच्चा बटुलेर गोजीमा हाल्यो ।

खाजा खाने समय सकिएर भर्खर घण्टी लागेको थियो । सबै दौडिँदै आआफ्नो कोठातिर लाग्दै थिए । रामेश पनि आफ्नो कोठामा गयो । एकै छिनपछि शिक्षिका आएर पढाइन् । पढाइमा उसको मन लाग्न थाल्यो । पढाएको उसले बुझ्न थाल्यो ।

कक्षामा सबैले गणितको पुस्तक झिकेर पढ्न थाले । उसले पनि स्वरमा स्वर मिलाएर पढ्न थाल्यो– "टु वनजा टु ! टु टुजा फोर !"

# साहसको फल



रातभर मुसलधारे पानी पऱ्यो । शुकदेव झ्यालबाट बाहिर हेरिरहेका थिए । बिजुली चम्केको मिलिक्क उज्यालोमा उनले केही पनि ठम्याउन सकेनन् । उनको मन पाकिरह्यो ।

रोपाइँ भइसकेको थियो । पाखा-पखेराबाट छहराहरू बर्सिरहेका थिए । पानी नपर्दा किसानको मन आत्तिन्थ्यो र पानी पर्दा पनि केही किसानको मन झन् आत्तिन्थ्यो । शुकदेव पनि आत्तिए, किनभने उनको खेत खोलाको किनारमै थियो । खोलो ठूलो त थिएन । भदौरे भेल आउँदा भने खोला उत्ताउलो हुन्थ्यो । त्यसले न बगर भन्थ्यो न लहलहाउँदो खेत । त्यसैले उनी सुखसित निदाउन सकिरहेका थिएनन् । उनी बिहानै खेतमा झरे ।

नभन्दै खोलो खेतमा पसेछ । आठ रोपनी खेतलाई दुई फ्याक पारेछ । उनलाई सार्है पीर पऱ्यो । उमेर छँदा आफैँ खोलामा उभिएर भए पनि उनी खोलो फर्काइछाड्थे । अब त त्यत्रो पाइन थिएन । उनी ढुङ्गामा टुक्रुक्क बसेर सोच्न थाले । एकै छिनमा बाउसो र बन्चरो त्यहीँ राखेर खोलामा पसे । उनका गोडा लगलग कामे । उनी मुस्लोमा पुग्न सकेनन् । खोलाले पल्टाउँलाझैँ गऱ्यो । उनी किनारमै फर्केर उही ढुङ्गामा बसे । एकछिन गम खाए । फेरि उठे । एउटा ढुङ्गो पल्टाउँदै खोलाको मुस्लोमा पुऱ्याए ।



त्यसलाई खोलाले पात-पतिङ्गरझैं बगाइदियो । त्यसबाट उनलाई खोलाको वेग थाहा भयो । उनी निराश भएर झोक्राइरहे । यस्तैमा उनले वस्तुभाउ अगि लगाएर केटाहरू आउँदै गरेको देखे । त्यसबाट उनलाई आज शनिबार हो भन्ने सम्झना भयो । बूढापाका गाउँलेहरू आउलान् र खोलो फर्काउँला भन्ने उनको झिनो आशा पनि हरायो ।

केटाहरू त्यहीं पुगे । उनीहरूले त्यहाँको घटना बुझे । गम्भीर हुँदै असलले भन्यो- "बित्यास पारेछ नि काका, खोलाले ।"

"अँ बाबै !" शुकदेवले लामो सुस्केरा हाले ।

"यो त भएन नि, काका !" सरलले थप्यो ।

बिमल खोलाको छेउमा पुगेर खोलाको निरीक्षण गरी फर्क्यो ।

कमलले नोक्सानी कति भयो भनी अन्दाज गऱ्यो ।

असलले गाईभैंसी छेक्यो ।

शनिबार भएकाले उनीहरू गाईभैंसी चराउन आएका थिए । रोपाइँ भइसकेकाले जहींतहीं चरन थिएन । पाखा-पखेरामा चराउनुपर्थ्यो । आज चन्नी खोलाको पाखामा लैजाँदै थिए ।

असल साह्रै असल स्वभावको थियो । उसले भन्यो- "काका, खोलालाई फर्काइहाल्ने


हो भने अझै धेरै बिग्रिसकेको छैन ।"

शुकदेवले भने– "त्यो त हो, तर कसरी ? खोलो तह लगाउन त बडो मुस्किल पो हुन्छ, असल ।"

"ल हामी यतिका छौँ । किन नसक्नु काका ? जहाँ इच्छा त्यहाँ उपाय ।" असलले भन्यो । उसका साथीहरूले पनि होहो भने ।

"हँ !" शुकदेव हाँसे । उनले भने– "बाबु हो, तिमीहरूको बसको कुरा होइन त्यो । तिमीहरूका बाबुहरू भए त आँटनुहुन्थ्यो ।"

"काका, हामीले बलभन्दा बुद्धि ठूलो भनी पढेका छौँ । हामी निश्चय बलिया छैनौँ, तर यतिकाको बल र बुद्धि लगाउने



हो भने खोलो तर्काउन नसकिने कुरै छैन । हामीले खोलो तर्काउने तरिकाबारे पनि पढेका छौँ । त्यसैले तपाई गाई–भैँसी छेक्दै गर्नुहोस्, हामी खोलो तर्काउँछौँ ।" असलले भन्यो ।

अरूले होमा हो मिलाए ।

शुकदेवले नपत्याए पनि केटाकेटी खेल हेरौँ न त भनेर छाडिदिए । उनले भने– "सक्छौ भने गर न त हेरौँ । अँ हातगोडा जोगाउन् नि ।" अनि उनी गाईभैँसी खेद्न थाले ।

असल र उसका साथीहरू खुसी भए । यस्तो काममा उनीहरूलाई रमाइलो लाग्थ्यो । उनीहरू बन्चरो लिएर खोलैखोला माथिसम्म पुगे । पाखाका चार–पाँचवटा रूख ढाले र रूखलाई लडाउँदै–घिसार्दै खोलामा हुले । खोलाले रूखलाई बगाउँदै–पल्टाउँदै तलतिर लग्यो । रूख अड्किँदा उनीहरू छुटाइदिन्थे । घरि रूखका हाँगामा घोडा चढ्थे ।

खेतमा खोलो पसेको ठाउँमा साँघुरो थियो । रूखलाई उनीहरूले त्यहीँ अड्काए अनि ढुङ्गाले रूखका हाँगाबिगालाई थिचे । यसै गरी ढालेका सबै रूख त्यहीँ ल्याएर ढुङ्गामुढाले अँठ्याए ।


हेर्दाहेर्दै त्यस ठाउँमा बाँध बन्यो । पानी पहिलेकै बाटोबाट बग्न थाल्यो । पहिलेको खोलेघरमा सेउला, मुढा र पात–पतिङ्गर अड्केका थिए । तिनलाई निकालेर बाँधमै हाले । कसैले चपरी ल्याएर बाँधका गालामा चपक्क अँठ्याएर राखे भने कसैले ढुङ्गा र सेउला । हुँदाहुँदा खेततिर पानी चपक्कै भयो । खोलो पहिलेकै बाटो दगुर्‍यो । पल्टेका कति धानका गाँज उठ्न थाले । माछा छटपटाउन–उफ्रिन थाले । असल र उसका साथीहरूले थुप्रै भोटी, बाम र सहर माछाहरू छोपेर थुपारे । उनीहरूलाई बडो रमाइलो लाग्यो । त्यसले गर्दा थकाइ लागेको थाहै पाएनन् ।

उता शुकदेवले सबै गाईभैँसीलाई छेकी–छेकी चराए । डालेघाँस झारेर खुवाए । खोलो तर्कने विश्वास नभए पनि उनले आँखामा हातको पाली गाँसेर खेततिर हेरे । बडो अचम्म ! त्यहाँ त खोलो फर्काईवरी असलहरू माछा पो बटुल्दै थिए । उनको खुसीको सीमा रहेन । गाईभैँसी खेद्दै उनी त्यहीँ पुगे ।

असलले माछा बटुल्न छाडेर भन्यो– "कसो काका नपत्याएको होइन ?

"भो–भो ! नकरा, लाज लाग्छ ।" शुकदेवले भने ।

उनीहरूले दाउरा बटुलेर बगरमा आगो फुके । अनि माछा पोलेर खाए । पेट भरिएपछि बल्ल गाईभैँसी सम्झे । गाई आपसमा चाटाचाट गर्दै थिए । भैँसी खोलामा आहाल बसिरहेका थिए ।



# प्रकृतिको नियम

जीवनका बाबु सार्‍है जाँगरिला थिए । काम नगरी बस्न उनको मन मान्दैनथ्यो । नयाँ-नयाँ उद्यम गर्न उनलाई खुब मन पर्थ्यो । घरअगाडि चार-पाँच रोपनी जमिन थियो । त्यहाँ कहिले मकै, मास, भटमास लगाउँथे, कहिले धान, गहुँ, तोरी र तरकारी लगाउँथे । थरी-थरीका बाली लगाएर उनी नाफा कमाउँथे र परिवार पाल्थे । त्यसमा उनलाई आनन्द पनि लाग्थ्यो ।

एकचोटि जीवनका बाबुलाई त्यस ठाउँमा फलफूल खेती गर्ने इच्छा भयो । उनले नापेर ठाउँ-ठाउँमा खाल्डा खने र ती खाल्डामा मल तथा पात-पतिङ्गर हाले । सुन्तला, कागती, निबुवा, केरा, आँप, अङ्गुर र बेलौतीका बिरुवा ल्याएर खाल्डो पुरेका ठाउँमा मिलाएर रोपे । उनले राम्रैसित रेखदेख र मलजल गरे । त्यसैले हेर्दाहेर्दा बिरुवाहरू हलक्क बढ्न थाले ।

फलफूलका बीच-बीचमा रहेको खाली ठाउँमा तरकारी बाली लगाएकाले पहिलो वर्ष आम्दानीमा खास कमी आएन । दोस्रो वर्षदेखि त केरा, बेलौती, कागती, अङ्गुरहरू फलेकाले त्यसबाट पनि खुब फाइदा भयो । बारी साँच्चै नै फलफूल बगैँचामा बदलियो । अब बोटमा फलफूल लटरम्म फल्न थाले । जीवनका आमाबाबु दिनहुँ डोकाभरि फलफूल बोकेर बजारमा पुऱ्याउन थाले । फलफूल ताजा भएकाले फटाफट बिकिहाल्थे, अनि उनीहरू बेलैमा घर फर्कन्थे । जीवन बगैँचा कुर्थ्यो । हिसाब गर्दा यस पटक निकै कमाइ भयो ।

एउटा कुरामा जीवनका बाबुको चित्त बुझेको थिएन । उनी के सोच्थे भने बोटमा लागेका सबै फूल फलमा बदलिनुपर्छ । त्यसो भए कति फाइदा हुँदो हो ? कति मजा आउँदो हो ! त्यसैले रूखमा लटरम्म फूल लागेका बेलामा हुरी चल्दा उनी प्रकृतिसित मुर्मुरिन्थे । हुरीले फूल र फलका बतिला झारेको देख्दा उनको मुटु कुटुकुटु खान्थ्यो । उनी हावालाई सराप्थे, ईश्वरलाई धिक्कार्थे । बोटमा लागेका हरेक फूल फल भएर बढ्न पाउनुपर्छ भनी उनी ठान्थे । त्यसबाट उनलाई बढीभन्दा बढी लाभ पनि त हुन्थ्यो ।

जीवन भने यस्तो सोच्दैनथ्यो । ऊ सबै फूल फल हुन नसक्ने कुरा बाबुलाई बुझाउने कोसिस गर्थ्यो, तर विज्ञानको त्यति ज्ञान नभएकाले ऊ असफल भइरहन्थ्यो । उसभित्र ठूलो छटपटी थियो । विज्ञान पढाउने शिक्षकसित सोध्ने मन भए पनि मौका मिलेको थिएन ।


एक दिन ठूलो हुरी चल्यो । हुरीपछि जीवन र जीवनका बाबु बगैँचामा पुगे । सुन्तला, कागती आदिका बोटमा भर्खर लागेका फूल झरेर भुइँ जम्मै सेताम्मे भएको थियो । च्व च्व च्व .... ! जीवनका बाबु प्रकृतिलाई सराप्दै थिए । रिसले आगो भएका थिए । त्यत्तिकैमा पानीले निथ्रुक्क भिजेका एकदेव त्यहाँ पुगे । तिनले साधारण कपडा लगाएका थिए । एकदेव गाउँमा खटिएका जे० टी० ए० हुन् । उनी किसानलाई राय-सल्लाह दिइरहन्छन् । एकदेवलाई आफ्नो बगैँचामा पाएर उनीहरू खुसी भए । उनीहरूलाई देउतै आएजस्तो लाग्यो । जीवनका बाबुको रिस तुरुन्त मत्थर

भयो । उनले दुई हात जोडेर नमस्कार गर्दै भने– "जे० टी० ए० बाबु, म यत्रो मिहिनेत गरी काम गर्छु । बोटमा त्यतिका फूल लाग्छन्, तर आधाभन्दा बढी झरेर जान्छन् । त्यसो नभए कस्तो हुन्थ्यो ? हेर्नुहोस् न, अगिको हुरीले जम्मै फूल झारेर सर्वनाश !"

एकदेव शान्त स्वरमा बोले– "त्यस्तो सोच्नु गलत हो । प्रकृतिले जे गऱ्यो त्यसबाट तपाईंको कल्याण नै भएको छ र हुनेछ ।"

जीवनका बाबु जिल्ल परे । उनले भने– "कसरी ? ... नहुने कुरा ।"

एकदेवले भने– "अँ, एकचोटि एक जना किसानले लागेको फूल एक पनि नझरोस् भनेर भगवान्सित प्रार्थना गरेछन् । भगवान्ले प्रसन्न भएर 'तथास्तु' भनेछन् । त्यसपछि के भो था'छ ? रूखभरि फूल फुलेछन् । हुरी, आँधी केही आएनछ र सबै फूल फल भएर बढ्न थालेछन् । जसैजसै फल बढ्दै गएछन् तसैतसै रूखका हाँगा नुहुँदै गएछन् र पछि त एक-एक गरी हाँगाबिगाँहरू भाँचिँदै गएर रूख सिखा भएछन् । एकै बोटमा लागेका फल पनि कोही राम्रा र कोही



असाध्यै नराम्रा अनि कोही साना कोही ठूला भएछन् । किसानले फल खान र बेच्न पाएनछन्, अनि फेरि भगवान्‌को तपस्या गरी 'पहिल्यै जस्तो हुनुपर्‍यो प्रभु' भनेछन् । दयालु भगवान्‌ले 'तथास्तु' भनेछन् । त्यहाँदेखि प्रकृतिको यो नियम चलिआएको हो । त्यसैले कमजोर र अनावश्यक फूल पहिल्यै झर्नु अनिवार्य छ । त्यस्तो काम हुरीले गर्छ । त्यही भएको पनि छ । यसमा तिम्रो कल्याण कसरी छैन ?"

"उसो भए सबै फूल फल हुन सक्दैनन् ?" जीवनका बाबुले निधार खुम्च्याउँदै भने ।

जे० टी० ए० ले सुन्तलाका बोटतिर देखाउँदै फेरि भने– "त्यो बोटबाट आधाभन्दा बढी फूल झरिसके । फेरि पनि सुन्तला पाक्दा पटचाक्क भाँचिने गरी हाँगाहरू नुहुन्छन् । फूल कत्ति नझरी फल भए के होला ? आफैँ बुझ्ने कोसिस गर्नुहोस् त बुबा !"

जीवनका बाबुले कल्पना गरे, विचार गरे, सोचे । उनलाई एकदेवको भनाइ ठीक लाग्यो । साँच्चै नै यो कुरा साँचो हो । अनि उनले आफ्नो बुद्धिलाई सराप्न थाले, आफ्नो लोभलाई धिक्कारे, आफ्नो विचार गलत ठहर गरे ।

उनले भने– "जे० टी० ए० बाबु, बल्ल मेरो घैँटामा घाम लाग्यो । म यस्तो कुरा आइन्दा कहिल्यै गर्नेछैन । ...जाऊँ न घरमा । फलफूल खाएर जानुहोला !"

एकदेव मुसुक्क हाँसे । जीवनलाई पनि रमाइलो लाग्यो । सबै घरतिर लागे । उताबाट सरर्र चिसो बतास चल्यो । बतासले हाँगामा अल्झेका फूलहरूलाई बरर्र झारिदियो । चराचुरुङ्गीहरू चिरबिराउन थाले ।


# पुतली खेल

बारीभरि फूल अति रमाइलो
फूलमाथि पुतली झनै रमाइलो ।

हामीले एउटा पनि पुतली समात्न सकेनौँ । राम्रा पनि कत्ति चतुर पनि अत्ति । हामी त झनै स्याँस्याँ भयौँ । आमाले "पख बाबु" भन्न थाल्नुभयो । हामी रूखमुनि दूबोमा पल्टियौँ । आमा आइपुग्नुभयो ।

मैले भनें– "आमा, हामीलाई देखे पुतली किन भाग्छ ?"





आमाले भन्नुभयो– "कहाँ भागेको हो र पुतली ? खेलेको पो त ।"

"हो र ?" मैले सोधेँ । त्यत्तिकैमा श्यामको टाउकोमा एउटा पुतली आएर बस्यो । म जुरुक्क उठेर समाउन गएँ । पुतली उड्यो ।

आमाले भन्नुभयो– "भाग्ने भए आउँथ्यो त्यो ? आयो, श्यामका टाउकामा बस्यो र तिमीहरूलाई खेल्न बोलाएर गयो ।"

"कति राम्रा पुतली हगि आमा," मैले भनें ।

त्यत्तिकैमा एउटा बूढो झुसिलकीरो पातसहित रूखबाट तल खस्यो । हामीले छेस्काले घोचेर त्यसलाई मार्न खोज्यौँ ।

"हुँदैन–हुँदैन।"आमाले रोक्नुभयो । "यो त पुतलीको बीउ । यसलाई नास्यो, मास्यो भने कहाँबाट पाउनु नि पुतली ?"

"पुतलीको पुर्खा ! पुतलीको बीउ ! होइन–होइन, कहाँ त्यति राम्रो पुतली, कहाँ यति नराम्रो भुसिलकीरा ।" मैले भनें । साथीहरूले 'होमा हो' मिलाए ।

आज आमाले हामीलाई झुसिलकीरा नै कसरी पुतली हुन्छ भन्ने कुरा बताउनुभयो ।

त्यस्तो नाथे झुसिलकीरा त्यति राम्रो पुतली बन्दो रहेछ । त्यति राम्रो पुतली पहिले त्यस्तो नाथे झुसिलकीरो भएर बस्दो रहेछ । प्रकृतिको यो रहस्य बुझेर हामी जिल्ल पर्‍यौँ । अनि हामीले झुसिलकीरा नमार्ने निधो गर्‍यौँ ।

अन्तमा आमाले हामी सबैलाई अँगालोमा लिनुभयो र भन्नुभयो– "तिमीहरू पनि त पुतलीजस्तै हौ ।"

अनि हामी फेरि पुतलीजस्तै भएर पुतलीसित खेल्न थाल्यौँ–

बारीभरि फूल अति रमाइलो

फूलमाथि पुतली झनै रमाइलो ।

# बरु साइकल चाहिँदैन

सञ्जय छोरी समालाई साऱ्है माया गर्थे । उनले समाका सबै इच्छा पुऱ्याएका थिए । समा परीक्षा र खेलकुदमा सफल हुँदा उनी खुसी हुन्थे, रमाउँथे । समाको सफलता नै उनको खुसी थियो ।

सञ्जय स्कूलको समयभन्दा अघिपछि घुम्न जाँदा समालाई सँगै लिएर जान्थे । समालाई किताबी ज्ञानले मात्र पुग्दैन, उसलाई सामाजिक र व्यावहारिक ज्ञान दिनुपर्छ भन्नेबारेमा उनी सचेत थिए । त्यसैले उनी गाउँ-शहरमा सप्ताह, प्रवचन, कथा हुँदा मेला, प्रदर्शनी, सर्कस



लाग्दा, विवाह–व्रतबन्ध आदिमा निम्तो मान्न जाँदा समालाई साथैमा लैजान्थे ।

बाबुछोरीको व्यवहार देखेर छिमेकीहरू दङ्ग पर्थे ।



"बुबा, म साइकल सिक्छु, किनिदिनुहोस् न !" समाले माग गरेको धेरै भइसक्यो । समाका बाबुले किनिदिन सकेका थिएनन् । यसमा उनलाई ठूलो दुःख थियो । छोरीले साइकल सिकेको र चढेको हेर्ने उनको आफ्नै पनि रहर थियो । उनले धेरै उपाय सोचे तर सरल उपाय कतैबाट सुझेन । उनी गम्भीर भए ।

"बुबा, तपाईं अचेल किन झोक्राउनुहुन्छ ?" समाले सोधी ।

उनी केही बोलेनन् ।

कात्तिकको महिना । फाँटभरि धान पाकेर लटरम्मै झुलेको थियो । किसानहरू भाइटीका सकेर धान काट्न पर्ने तयारीमा थिए । एक रात सर–सल्लाहविना नै समालाई साथमा लिएर सञ्जय खेतमा पुगे । जूनको उज्यालो फाँटभरि फैलिएको थियो ।

सानो स्वरमा छोरीसित उनले भने– "समा छोरी, म धान काटेर भारी पुऱ्याउँछु । कसैले देख्छ कि ? तिमी यहीं आलीमा बसेर हेर है ! कसैले देख्यो,



चाल पायो भने मलाई तुरुन्त खबर गर्नू !"

समाका बाबु धानको गाँजलाई मुठीमा लिएर काट्न मात्र लागेका थिए, त्यत्तिकैमा समा बोली– "बुबा, कसैले देख्दै छ !"

उनी दगुर्दै समा भएको ठाउँमा पुगेर यताउति हेरे । उनले कोही देखेनन् । जिल्ल पर्दै उनले सोधे– "खोइ, कसले देख्दै छ ?"

समाले बडो ढुक्कका साथ भनी– "यीः म देख्दै छु अनि... !"

समाका बाबुले लामो सास फेरे ।

"म त झन्डै डराएको । धत् लाटी, ठट्टा गर्ने बेला हो यो ?" समाका बाबुले भने ।

अनि फेरि उनी ढुक्कले धान काट्न सुरु गर्न थाले ।

उनले एकै गाँज पनि काटेका थिएनन् समा चिच्च्याई– "बुबा कसैले देख्दै छ ।"

"तैँ त होलिस् नि देख्ने !" उनले त्यहीँबाट बेवास्तासाथ भने ।

"म मात्र होइन, अरू पनि कोही छ ।" समाले भनी ।

"अरू पनि कोही छ !" समाका बाबु अलि गम्भीर भए– "खै, को छ अरू ?"

यहाँ आउनुहोस्, म बताउँछु ।" समाले भनी ।

उनी समाका नजिक आए ।

"खै को छ अरू मलाई देख्ने ? मैले धान काटेको देख्ने ?" उनले यताउति हेरे, तर कहीं-कतै कोही देखेनन् । उनी झडङ्ग रिसाए- "साइकल चाहियो भनेर कचकच गर्ने पनि तैँ, साइकल किन्ने उपाय गर्दा अल्झाउने पनि तैँ ।"

समाले भनी- "भो नरिसाउनुहोस् बुबा, बरु मलाई साइकल चाहिँदैन । जहिले सकौँला तहिले किनौँला तर यसरी अरूको परिश्रममाथि लुट नगरौँ । हाम्रो धान अरूले चोरे हामीलाई कस्तो लाग्छ ! त्यस्तै होइन ?"

सञ्जय झस्के । उनले भने- "त्यसो हो भने हुन्छ छोरी । म त तिम्रो मायाले गर्दा पो... के भनौँ ? अनि भन त, तिमीबाहेक अरू को थियो मलाई देख्ने ?"

"तपाईं !" समा मजाले हाँसी ।

समाले फेरि भनी- "म, तपाईं अनि ? अनि ईश्वर ! ईश्वर सबै ठाउँमा छन्, सबैमा छन्, सबैका सबै कामकुरा देखिरहन्छन् भनेर अस्ति प्रवचनमा सुन्नुभएको होइन ? हीँ-हीँ-हीँ... ।"

समाका कुराले उसका बाबु लज्जित भए ।

"छोरी, तिमी छोरी मात्र होइनौ, मेरा गुरु पनि हौ । अबदेखि म कहिल्यै चोरी गर्दिनँ छोरी ।"

जूनको उज्यालोमा रमाउँदै बाबुछोरी दुवै घर फर्के । आँगनमा पुग्दा भाले बास्यो- कुखुरी काँ !... समाका बाबुले सम्झे- बाबुछोरी काँ ?